## १.ब्लक विकास कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको चालु आ.व.०७७/०७८ को प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आ.व. ०७७/७८ मा संचालन गरिने नयाँ ब्लक विकास कार्यक्रम मिति २०७७/०६/०८ गतेका दिन जिल्ला संमन्वय समितिका प्रमुख श्री बिर कुमार राई ज्यू को अध्यक्षता, प्रतिनिधि सभा सदस्य माननिय श्री हेम कुमार राई, प्रदेश सभा सदस्य माननिय श्री बुद्धि कुमार राजभण्डारी ज्यू र माननिय श्री उत्तम कुमार बस्नेत ज्यूको आतिथ्यमा चार (४) वटा स्थानीय तहलाई छनौंट गरियो ।

| क्र.स. | ब्लक संचालन हुने स्थानिय तहको नाम | वडा. नं. | बालि | न्युनतम क्षेत्रफल रोपनि |
|---|---|---|---|---|
| १ | सोलुदुधकुण्ड नगरपालिका | ६,७ | आलु | ३० |
| २ | माप्य दुधकोशी गाँउपालिका | ४,५ | आलु | ३० |
| ३ | खुम्बु पासाङल्हमु गाँउपालिका | १,४ | आलु | २० |
| ४ | लिखु पिके गाँउपालिका | १,५ | चिया | ३० |

## २. सार्वजनिकीकरण कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको चालु आ.व. ०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार जिल्ला समन्वय समितिका प्रमुख श्री वीर कुमार राई ज्यूको प्रमुख अध्यक्षतामा र प्रदेश नं.१, ने.क.पा. संसदीय दलका प्रमुख सचेतक माननीय श्री बुद्धि कुमार राजभण्डारी ज्यूको प्रमुख आतिथ्यता र विशेष अतिथि माननीय श्री उत्तम कुमार बस्नेत ज्यू र स्थानीय तहका प्रमुख, उप-प्रमुख तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व.०७७/७८ को वार्षिक कार्यक्रम मिति २०७७/०६/२२ गते सार्वजनिकीकरण सम्पन्न गरियो।





## ३. क्रप कटिङ

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको चालु आ.व. ०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार सात स्थानिय तह सोलुदुधकुण्ड नगरपालिका, थुलुङ दुधकोशी गाँउपालिका, नेचासल्यान गाँउपालिका, लिखु पिके गाँउपालिका, माप्य दुधकोशी गाँउपालिका, सोताङ गाँउपालिका र महाकुलुङ गाँउपालिका पुगेर धान बालिको कटिङ गरि कुल क्षेत्रफल, उत्पादन र उत्पादकत्वको तथ्याङ स्थिति निकालियो । उक्त तथ्याङ अनुसार सोलुखुम्बु जिल्लामा धान बालीको कुल क्षेत्रफल १,५२५ हेक्टर, उत्पादन ३,६२० मे.टन र उत्पादकत्व ३.२७ रहेको पाईयो।









## ४. Soil Minilab संचालन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा रहेको soil minilab लाई स्तर उन्नति र व्यवस्थापन गर्नुका साथै संचालनमा ल्याइयो । मिनी ल्याब किट बक्सद्धारा माटोमा भएको पि.एच. र खाद्यतत्वको अवस्था परिक्षण गर्नुका साथै कृषकहरुलाई उचित परामर्श सेवा प्रदान गर्न थालियो ।





## ५. द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. ०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार आठै वटा स्थानिय तह सोलुदुधकुण्ड नगरपालिका, थुलुङदु धकोशी गाँउपालिका, नेचासल्यान गाँउपालिका, लिखुपिके गाँउपालिका, माप्य दुधकोशी गाँउपालिका, सोताङ गाँउपालिका, खुम्बु पासाङल्हमु गाँउपालिका र महाकुलुङ गाँउपालिकामा कार्यरत कृषि प्राविधिकहरुसँगको द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम मिति २०७७/०६/१८ गते सम्पन्न गरियो।






## ६. विभिन्न समुह, सहकारी र फार्मको विवरण संकलन

सोलुखुम्बु जिल्लामा कृषि क्षेत्रको कार्यलाई प्रभावकारी बनाउने हेतुले आठ वटै स्थानिय तह सोलुदुधकुण्ड नगरपालिका, थुलुङ दुधकोशी गाँउपालिका, नेचासल्यान गाँउपालिका, लिखुपिके गाँउपालिका, माप्य दुधकोशी गाँउपालिका, सोताङ गाँउपालिका, खुम्बु पासाङल्हमु गाँउपालिका र महाकुलुङ गाँउपालिकामा कार्यरत कृषि प्राविधिकसँग समन्वय गरि विभिन्न समुह, कृषि सहकारी संस्था तथा निजी फार्महरुको विवरण संकलन गर्नुका साथै रेकर्ड अद्यावधिक गर्ने काम गरियो ।

## ७. बार्षिक तथा तथ्याङ पुस्तिका

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको चालु आ.व. ०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार बार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ पुस्तिका प्रकाशन समेत गरियो ।






## ८. गहूँको कृषक स्वीकार्य परिक्षण मिनिकिट

कृषि ज्ञान केन्द्र सोलुखुम्बु र थुलुङ दुधकोशी गाउँपालिकाको समन्वयमा राष्ट्रिय गहूँ बाली अनुसन्धान कार्यक्रम भैरहवा रुपन्देही बाट गहूँको कृषक स्वीकार्य परिक्षण मिनिकिट थुलुङ दुधकोशी गाँउपालिकाका ४० जना कृषकलाई ३ के.जी.का दरले ७ वटा गहूँका जात परिक्षणका लागि वितरण गरियो ।

## ९. एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) :

*लेखक :- बबि बस्नेत*
*वाली संरक्षण अधिकृत*

### परिचय :

एकीकृत शत्रुजीव व्यवस्थापन वालि संरक्षण गर्ने हरेक र उपयुक्त तरिकाहरूको संगालो हो जसमा वाली नालीका शत्रुहरुको आर्थिक रुपले न्यायोचित तथा पर्यावरणिय रुपले दिगो हुने विधिहरुको छनौट गरी व्यवस्थापन गरिन्छ ।

अमेरिकी जीव शास्त्रि राचेल कार्सन ई.सं. १९६२ शान्त बसन्त मार्फत कीटनाशक विषादीबाट पर्न सक्ने गम्भिर असरहरु लाई व्याख्या गरेबाट विश्वव्यापी रुपमा एकिकृत शत्रुजीव व्यवस्थापन प्रति चेतना अभिवृद्धि भएको हो । यहि चेतनाको फलस्वरुप ई.स. १९८७ देखि १९९१ सम्मको अवधिमा ईन्डोनेशियाली सरकारले ५९ वटा विषादीको प्रयोगमा प्रतिबन्ध लगायो । ई.स. १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न संयुक्त राष्ट्रद्धारा आयोजित वातावरण र विकास नामक सम्मेलनबाट एकीकृत शत्रुजीव व्यवस्थापन नै विकल्प हो भन्ने ठह्याईएको छ जसले उत्पादनको ग्यारेन्टि, खर्च न्युनिकरण, वातवरण अनुकुलता, दीगो विकासमा योगदान जस्ता कुरा सार्वजनिक रुपमा पारित गरियो । ई.स. १९९९ मा नेपाल दक्षिण पुर्व एशिया अन्तर्गत सामुदायिक एकिकृत शत्रुजीव व्यवस्थापन प्रोग्रामको सदस्य भयो र यसको लगत्तै एकिकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम शुरु भयो ।

### एकीकृत शत्रुजीव व्यवस्थापनका सिद्धान्तहरु :

- स्वस्थ बालीको उत्पादन
- खेत बारिको नियमित अवलोकन
- मित्र जीवको संरक्षण
- स्वयंम कृषकलाई दक्ष बनाउनु

### एकीकृत शत्रुजीव व्यवस्थापनका तरीका :

#### १. कृषि गत तरिका

खेति गर्दा विभिन्न तरिका अपनाई हानिकारक जीवको संख्या कम गर्न सकिन्छ । जमिनको राम्ररी खनजोत गर्ने, बाली लगाउने समयको हेरफेर, मिश्रित बाली घुम्ति बाली मलजलको उचित प्रबन्ध, रोग किरा अवरोधक जातहरुको प्रयोग, रोग किराले नोक्सानी नहुने वा कम हने जातको प्रयोग र खेत बारिको सरसफाई गर्नाले हानिकारक जिबको संख्या कम गर्न सकिन्छ ।

## २. भौतिक एवं बल प्रयोग गरेर

भौतिक एवं बल प्रयोग गरेर पनि हानिकारक जीवको संख्या कम गर्न सकिन्छ जस्तै किरालाई हातले टिपेर, किरालाई जालितबाट पक्रेर, किरालाई टासिने सतहमा फसाएर, किराहरुलाई बत्तिको फन्दामा पारेर, किरालाई आकर्षक पदार्थमा आकर्षित गरेर ।

## ३.जैविक तरिका

### क) शिकारि र परजीविको प्रयोग

मित्र जीव जस्तै स्त्री स्वभावको खपटे, गाईने किरा, मेन्टिस, बारुलो, माकुरो, बाघे खपटे र चराचुरुङ्गीको प्रयोग गरेर लाहि किरा पुतलीका लार्भा आदि किराहरुको नियन्त्रण गर्न सकिन्छ ।

### ख) शुक्ष्म जीवाणुको प्रयोग

- हरियो ढुसी (खपटेका लार्भा विरुद्ध)
- सेतो ढुसि (खपटेका लार्भा विरुद्ध)
- ब्यासिल्लस थुरुन्जिसिस(वि.टि) (पुतलिका लार्भा विरुद्ध)
- एन.पि.भि (खपटे र पुतलीका लार्भा विरुद्ध)

## ४. स्थानिय बनस्पति तथा जडिबुटीबाट हानिकारक किराहरुको नियन्त्रण विधिः

वाली विरुवामा विभिन्न किराहरुले आक्रमण गरि कृषि उत्पादनमा ह्रास ल्याउन महत्वपुर्ण भूमिका रहेको छ । यसर्थ वाली संरक्षण कार्यहरुलाई दीगो तथा कृषक स्तरमा उपयोगी रुपमा प्रयोग गर्न रासायनिक विषादी अलाव गाउँ घरमा नै पाईने बनस्पति तथा जडिबुटीको प्रयोग विधि अपनाई कृषि उत्पादन बढाउने तर्फ उन्मुख गराउनु पर्ने देखिन्छ । स्थानिय बनस्पति तथा जडिबुटीबाट हानिकारक किराहरुको नियन्त्रण गर्न लसुन र सयपत्री फुलको मिश्रण, बोझ्गो, पुदिना र तितेपाती, पिना र खरानी, मट्टितेल र साबुन पानी, सुर्तिको बोट, खरानी र मट्टितेल, गोलभँडाको पात, गाईभैसिको मुत्र र निमको दान तथा पात प्रयोग गर्न सकिन्छ ।

## ५. रासायनिक तरिकाबाट रोकथाम

विभिन्न किटनाशक विषादीहरुको प्रयोगबाट किरा नियन्त्रण गर्ने यो तरिका अन्तिम उपाय हो । मालाथियन, नुभान, रोग र, डर्सवान, साईपरमेथिन जस्ता किटनाशक विषादीहरु झोलको रुपमा विरुवामा सिधै एक. एम. एल. प्रति लिटर पानीमा मिसाएर प्रयोग गर्न सकिन्छ ।

## एकिकृत शत्रुजीव व्यवस्थापनका फाईदाहरु

दीगो विकासको र खास गरी गरिबी निवारणमा मद्दत पुऱ्याउछ । कृषि उत्पादन र कृषकको आय बढाउछ । कृषकको स्वस्थ्यमा सुधार ल्याउछ वातावरणम दुषित हुनबाट बचाउँछ कृषकहरुलाई सक्षम हुन मद्दत गर्दछ । साना किसानलाई धेरै मेल खाने हुदाँ हाम्रो जस्तो देशमा यसको महत्व धेरै छ ।

# बाली पात्रो

सोलुखुम्बु

## खाद्यान्न बालीको पात्रा

| क्र.स. | बाली | लगाउने समय | बिउदर के.जी/रोपनीमा | बोटxबोट (से.मी) | ड्याङ्गxड्याङ्ग (से.मी) | जातहरु | कम्पोष्ट (के.जी.)/रोपनीमा | उपयुक्त पि.एच. मान | पाक्ने समय (औषतमा) | उत्पादन (के.जी./रोपनी) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धान | असार | | | | | | | | | |
| ५ | १० | २० | खुमल २,४, छोमरोङ्ग, सुख्खा धान१,२,३, | ५०० | ५–६.५ | कार्तिक/ मंसिर | १९० | ३.८ | | | |
| २ | मकै | फाल्गुन/चैत्र | १.५ | २५ | ७५ | मनकामना १, २, ३ गणेश १ २ | ५०० | ५.५-७.५ | भदौ/असोज | २८५ | ५.७ |
| ३ | गहुँ | असोज/मंसीर | ६ | लगातारै | १० | रोहणी,अन्नपुर्ण १, गौतम, डब्लु के १२०४ | ५०० | ५.५-७.५ | | | |
| बैशाख/असार | २६५ | ५.३ | | | | | | | | | |
| ४ | कोदो | असार/साउन | ०.५ | १० | २० | ओख्ले कोदो १, डल्ले कोदो १ | ५०० | ५.५-७.५ | मंसिर | १८० | ३.६ |
| ५ | जौ | भदौ | ३ | १५ | ३० | बोनस गाल्ट, केच, सोलुउवा | ५०० | ६.५-८ | वैशाख | १८० | ३.६ |
| ६ | फापर | भदौ | ३ | १५ | ३० | मिठो फापर १ | ५०० | ५.५-७ | वैशाख | ६० | १.२ |
| | | | | | | | | | | | |

## दलहन बाली

| क्र.स. | बाली | लगाउने समय | बिउदर के.जी./रोपनीमा | बोट ह बोट (से.मी) | ड्याङ्ग ह ड्याङ्ग (से.मी) | जातहरु | कम्पोष्ट (के.जी.)/रोपनीमा | उपयुक्त पि.एच. मान | पाक्ने समय (औषतमा) | उत्पादन (के.जी./रोपनी) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मास | असार/फाल्गुन | २ | १० | ४५ | कालु | ६०० | ६.५–७.५ | कार्तिक/मंसिर | ६५ | १.३ |
| | | | | | | | | | | | |
| ३ | भटमास | वैशाख/जेष्ठ | ४ | ३० | ३० | पुजा, रान्सम, सेति, लुम्ले भटमास १, तरकारी भटमास १ | ६०० | ६–७ | भदौ/असोज | ९२ | १.८ |
| ४ | बोडी | चैत्र/वैशाख | २ | १० | ३० | खुमलतने, सर्लाहीतने,मालेपाटन | २००–३०० | ५.५–६.५ | साउन/भदौ | ५५ | १.१ |
| ५ | सिमी | चैत्र/वैशाख | १ | १० | ३० | त्रिशुल,हिमाल,राजमा,चौमासे | २००–३०० | ५.५–६.५ | साउन/भदौ | ६०–६५ | १.२–१.३ |
| ६ | केराउ | चैत्र/वैशाख | ४ | १० | ३० | न्यु लाइन,सर्लाहीअर्केल | २००–३०० | ६.५–७.५ | साउन/भदौ | ९० | १.८ |

## तेलहन बाली

| क्र.स. | बाली | लगाउने समय | बिउदर के.जी./रोपनीमा | बोट ह बोट (से.मी) | ड्याङ्ग ह ड्याङ्ग (से.मी) | जातहरु | कम्पोष्ट (के.जी.)/रोपनीमा | उपयुक्त पि.एच. मान | पाक्ने समय (औषतमा) | उत्पादन (के.जी./रोपनी) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तोरी | कार्तिक/मंसिर | ८ | लगातारै | १० | विकास,लुम्ले तोरी १, प्रगति,उन्नती | १२०० | ६–७.५ | चैत्र/वैशाख | ५०–६० | १–१.२ |
| २ | सर्स्यौ | कार्तिक/मंसिर | ८ | लगातारै | १० | स्थानीय जात | १२०० | ६–७.५ | चैत्र/वैशाख | ५०–६० | १–१.२ |

## तरकारी बाली

| क्र.स. | बाली | लगाउने समय | बिउदर/रोपनीमा | बोट ह बोट (से.मी) | ड्याङ्ग ह ड्याङ्ग (से.मी) | जातहरु | कम्पोष्ट (के.जी.)/रोपनीमा | उपयुक्त पि.एच. मान | पाक्ने समय (औषतमा) | उत्पादन (के.जी./रोपनी) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आलु (हिउदे) | असोज/कार्तिक | ८०–९० के.जी. | २५ | ७० | कुफ्रिज्योति, कुफ्रिसिन्दुरी,जनकदेब | १५०० | ४.५–७.५ | माघ/फाल्गुन | ९००–११५० | १८–२३ |
| २ | आलु (वर्षे) | फाल्गुन/चैत्र | ८०–९० के.जी. | २५ | ७० | कुफ्रिज्योति, कुफ्रिसिन्दुरी,जनकदेब | १५०० | ४.५–७.५ | असार/साउन | ९००–११५० | १८–२३ |
| ३ | काउली | फाल्गुन/चैत्र | २५–४० ग्राम | ४५ | ६० | डोल्पा स्नोबल, सर्लाही दिपाली, काठमाण्डौ लोकल | १५०० | ६.५–७.५ | साउन/भदौ | ७०० | १४ |
| ४ | मुला | साउन/भदौ | ३०० ग्राम | १० | ३० | ह्वाइट नेक, मिनो अर्ली, टोकीनासी | १००० | ६–७.४ | कार्तिक/मंसिर | ८५०–१००० | १७–२० |
| ५ | सलगम | जेष्ठ/साउन | १०० ग्राम | ३० | ३० | पर्पल टप, काठमाण्डौ रातो | १००० | ५.५–७ | असार/साउन | ८००–९५० | १६–१९ |
| ६ | रायो साग | फाल्गुन/चैत्र | १० ग्राम | ३० | ४५ | खुमल चौडापात, मार्फा चौडापात | १००० | ६–७.५ | वैशाख/जेष्ठ | ११००–१२०० | २२–२४ |
| ७ | गोलभेडा | फाल्गुन/चैत्र | २० ग्राम | ४५ | ७५ | सृजना, रोमा, पुसारुवी | १००० | ५.५–७ | असार/साउन | १०००–१५०० | २०–३० |
| ८ | गाजर | जेष्ठ/साउन | ३०० ग्राम | १० | ३० | न्युकुरोदा, कुरोदा, मार्क | १००० | ५.५–७ | भदौ/असोज | ८५०–९०० | १७–१८ |
| ९ | बन्दा | फाल्गुन/चैत्र | ४० ग्राम | ४५ | ६० | सुपर ग्रिन, सुपर कोरोनेट | १००० | ६.५–७.५ | साउन/भदौ | १०००–१२०० | २०–२४ |
| १० | ब्रो काउली | फाल्गुन/चैत्र | १० ग्राम | ६० | ६० | प्रिमियम क्रप ग्रिन पिया, एभरेष्ट ग्रिन | १००० | ६–७ | साउन/भदौ | ८००–१००० | १६–२० |
| ११ | जुकेनी फर्सी | चैत/वैशाख | १०० ग्राम | १०० | १०० | स्थानीय | १००० | ५.५–७.५ | असार/साउन | २००० | ४० |
| १२ | भेडे खुर्सानी | चैत/वैशाख | ५० ग्राम | ३० | ६० | क्यालीफोनिया वन्डर, सागर एन एस ६३२ | १००० | ५.५–६ | असार/साउन | ४००–५०० | ८–१० |
| १३ | खुर्सानी | चैत/वैशाख | ५० ग्राम | ३० | ६० | ज्वाला, कर्मा ७४७, मार्सल | १००० | ५.५–६ | असार/साउन | १०००–१२०० | २०–२४ |
| १४ | भण्डा | जेष्ठ/साउन | २५ ग्राम | ४५ | ७५ | नुर्कि, अर्का केशव,पर्पल लङ्ग, | १००० | ५.५–६ | भदौ/कार्तिक | ५००–६०० | १०–१२ |
| १५ | घिरौला | चैत/वैशाख | १०० ग्राम | १०० | २०० | कान्तिपुरे, गिता, न्यु नारायणी | १००० | ६.५–७.५ | असार/साउन | ६००–६५० | १२–१३ |
| १६ | काक्रो | जेष्ठ/साउन | १०० ग्राम | ७५ | ७५ | मिन्जा १७१,भक्तपुर लोकल,मालनी, कुश्ले | १००० | ६–७.५ | भदौ/असोज | ५००–६०० | १०–१२ |
| १७ | फर्सी (स्क्वास) | वैशाख/जेष्ठ | १०० ग्राम | १०० | १०० | स्थानीय जात,असारे फर्सि, लङ्ग ग्रिन | १५०० | ५.५–७.५ | साउन/भदौ | २०००–२२०० | ४०–४४ |
| १८ | तिते करेला | वैशाख/जेष्ठ | १०० ग्राम | १२० | १२० | हरियो करेला, पाली, हिरा | १००० | ६.५–७.५ | साउन/भदौ | ८०० | १६ |

## फलफूल बाली

| क्र.स. | बाली | लगाउने समय | बेर्ना संख्या/रोपनी | बोट x बोट (मिटर) | ड्याङ्ग x ड्याङ्ग (मिटर) | जातहरु | कम्पोष्ट (के.जी.) /रोपनीमा | उपयुक्त पि.एच. मान | पाक्ने समय (औषतमा) | उत्पादन (के.जी./रोपनी) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्याउ | पुस/माघ | १५ बोट | ६ | ६ | गोल्डेन डेलीसियस, रोयल डेलीसियस,जोनाथन, | ५० | ५–८ | असोज/कार्तिक | ४००–५०० | ८–१० |
| २ | नास्पति | पुस/माघ | १५ बोट | ६ | ६ | वार्टलेट,फर्पिङ्ग, कन्फेरेन्स | ५० | ६.५–८.५ | असोज/कार्तिक | ५००–६०० | १०–१२ |
| ३ | आरु | पुस/माघ | १५ बोट | ६ | ६ | औरायन, आर्मगोल्ड, | २५ | ५.५–६.८ | असोज/कार्तिक | २५०–३०० | ५–६ |
| ४ | आरुवखडा | पुस/माघ | १५ बोट | ५ | ५ | ग्रिनगेज, मैथली | २५ | ५.५–६.५ | असोज/कार्तिक | ३०० | ६ |
| ५ | किवी | पुस/फाल्गुन | २० बोट | ४ | ६ | आलिसन, हेवार्ड, बुर्नो | ३० | ५–६.५ | असोज/कार्तिक | ४००–५०० | ८–१० |
| ६ | कागती | जेष्ठ/असार | २५ बोट | ४ | ४ | मेक्सीकन, बनारसी, सुनकागती १, २, | ५० | ५.५–७.५ | मंसिर/पुस | ४००–४५० | ८–९ |
| ७ | सुन्तला | जेष्ठ/असार | १५–२० बोट | ५ | ५ | धन्कुटा स्थानीय, पोखरा स्थानीय, | ५० | ५.५–६.५ | मंसिर/पुस | ६०० | १२ |
| ८ | जुनार | जेष्ठ/असार | १५–२० बोट | ५ | ५ | स्थानीय जुनार, नाभेल ओरेन्ज, योसोदा नाभेल | ५० | ६–८ | मंसिर/पुस | ४००–५०० | ८–१० |
| ९ | केरा | जेष्ठ/असार | ५०–६० बोट | २–३ | २–३ | रोबष्टा,वीलीयम,माल्भोग,स्थानीय जात | २० | ६–७.५ | मंसिर/पुस | ६५० | १३ |

*तयारकर्ता :- दुर्गा बहादुर तिरुवा*

प्रेषक

प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

प्रापक

.......................................................................................

.......................................................................................

# सोलुखुम्बु कृषि गतिविधि

**कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन**

कृषि मूलश्च जीबनम्  The Solukhumbu Agricultrue Activities

बर्ष १ | अङ्क २ | असोज-कार्तिक २०७७/७८



**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,
कृषि प्रसार अधिकृत

**सम्पादक :**

श्री बबि बस्नेत
बाली संरक्षण अधिकृत
श्री प्रदिप कुमार यादव
कृषि प्रसार अधिकृत
श्री कुल बहादुर राई
अधिकृत स्तर छैटौं
श्री आदर्श कुमार सिंह
प्राविधिक स्तर पाँचौं

**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस
फोन नं. ०३८-५२०३८९
ईमेल :
ychamling@gmail.com


## सम्पादकीय

नेपालको  कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या कृषि पेशामा आवद्ध रहेका छन् । कृषि तथा वन क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा प्रदेश न.१ ले मात्रै ३६.३७ प्रतिशत योगदान गर्छ । संघिय लोकतान्त्रिक गणतन्त्रको निर्माण संगै संघ, प्रदेश र स्थानिय तह गरी तीन तहको सर कार रहेको विद्यमान संरचनामा प्रदेश सरकारको कार्यालय अन्तर्गत कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्थापना आ.व. ०७५/०७६ मा भएको हो । स्थानीय निकायहरुसंग समन्वय गर्ने तथा कृषि क्षेत्रमा व्यवसायिकरण आधुनिकरण गर्नुका साथै समग्र कृषि उत्पादनलाई प्रवर्द्धन गरि सोलुखुम्बु जिल्ला साथै समग्र देशलाई कृषिमा आत्मनिर्भर बनाउने यस कार्यालयको लक्ष्य हो । विषय विशेषज्ञहरुको टिम रहने ज्ञान केन्द्रमा स्थानीय स्तरमा आइपर्ने कृषकका समस्याहरुको प्राविधिक समाधान तुरुन्त उपलब्ध गराउने काम कृषि ज्ञान केन्द्र सोलुखुम्बुले गर्दै आएको छ। त्यसैगरी स्थानीय तहमा रहेका कृषि प्राविधिकहरुलाई समय समयमा उन्नत प्रविधिहरु सम्बन्धी क्षमता अभिवृद्धिका साथै कृषकहरु सिपमुलक तालिमहरु उपलब्ध गराउने जिम्मेवारी पनि ज्ञान केन्द्रले बहन गर्नुपर्ने हुन्छ ।

स्थानीय समस्यामा आधारित भएर माटोको खाद्य तत्वको परीक्षण गर्ने Soil Minilab, प्रयो गशाला सेवाहरु, प्राविधिक र कृषकहरुको क्षमता विकास, कृषि इन्टर्न, कृषि तथ्याङ्कहरु संकलन, कृषि व्यवसाय विकास सहयोग, कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदानका काम लगायत संघ र स्थानीय तह बिच सेतुको काम गर्ने जिम्मेवारी रहेको ज्ञान केन्द्रले स्थापनाको सुरुवाती वर्षहरुबाट नै कार्यविवरण अनुसारकै कार्यहरु गर्दै आएको छ। संघीय संरचनामा मुलुक गएको परिपेक्षमा कृषि सेवा प्रवाहको सबै भन्दा सशक्त माध्यम हुन सक्ने, र तीनै तहका सरकारहरु बिचमा सेतुको काम गर्न सक्ने ज्ञान केन्द्रहरुलाई सबैले अपनत्व लिदै यसलाई प्रभावकारी रुपमा सन्चालन गर्दै आवश्यकता अनुसार थप गर्दै लैजान सकेमा कृषि विकास मार्फत सम्वृद्ध नेपाल बनाउने सपनामा महत्वपूर्ण योगदान पुग्न सक्नेमा दुईमत छैन ।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०
ई-मेल : akcsolukhumbu@gmail.com


## यस भित्र :-


- १.ब्लक विकास कार्यक्रम
- सार्वजनिकीकरण कार्यक्रम
- क्रप कटिङ
- Soil Minilab संचालन
- द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम
- वभिन्न समुह, सहकारी र फार्मको विवरण संकलन
- बार्षिक तथा तथ्याङ पुस्तिका
- गहूँको कृषक स्वीकार्य परिक्षण मिनिकिट
- एकीकृत शत्रुजीव व्यवस्थापन (IPM)
- बाली पात्रो